# नेपाल तामाङ महिला घेदुङ,
# केन्द्रीय कार्यसमिति काठमाडौं

**भूमिका :**

नेपाल अधिराज्यभरि छरिएर रहेका समस्त तामाङ महिलाहरूको हक, हित, भाषा, धर्म, सँस्कृतिको संरक्षण, सम्बर्धन गर्नुका साथै तामाङ महिलाहरूको समुन्नतिको लागि अन्य जातीय महिला संघ संस्थाहरूसँग सुमधुर सम्बन्धको विकास गरी समाज र देश विकासमा योगदान पुऱ्याउन तामाङ महिलाहरूको एक संगठन बनाउनु आवश्यक भएकाले वि.सं. २०५७ साल जेठ २ गते नेपाल तामाङ महिला घेदुङको स्थापना भई काठमाडौं जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको छ र समाज कल्याण परिषद्मा पनि आवद्ध भई सकेको छ । साथै राष्ट्रिय आदिवासी जनजाति महिला महासंघमा पनि आवद्ध भई संघीय सदस्यको रुपमा रहको छ ।

नेपालको विभिन्न आदिवासी जनजातिहरू मध्ये तामाङ जाति एक हो । तामाङ जातिको बाहुल्यता काभ्रे, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, दोलखा, सिन्धुली, रामेछाप, धादिङ, मकवानपुर जिल्लामा रहेको पाईन्छ । त्यसैगरी काठमाडौं, ललितपुर, भक्तपुर र चितवनमा पनि तामाङ जातिको बसोबास सघन रूपमा रहेको छ । साथै देशको अन्य जिल्लाहरूमा पनि तामाङ जातिको बसोबास रहेको छ । केन्द्रीय तथ्याङ्क विभाग २०५८ सालको तथ्याङ्क अनुसार तामाङहरूको हालको जनसंख्या १२,८२,३०४ रहेकोछ, जस्मा महिला संख्या लगभग ५१% (६५३९७५.०४) रहेकोछ । यस जातिको आफ्नै जातीय पहिचान (भाषा, धर्म, संस्कृति, परम्परा, भेषभूषा आदि) रहेकोछ । अधिकांश तामाङ महिलाहरूले आफ्नो जातीय पहिचानलाई संरक्षण गर्दै आइरहेका छन् । तामाङ जातिको प्रमुख पेशा कृषि नै रहेको पाइन्छ । कृषि पेशालाई जीविकोपार्जनको रूपमा निरन्तरता दिनमा तामाङ महिलाहरूको मुख्य भूमिका रहेको पाईन्छ । अधिकांश तामाङ पुरुष वैदशिक रोजगार तथा सेनामा रहेको कारणले गर्दा महिलाहरूले नै परिवारको रेखदेख तथा घरको मूख्य जिम्मेवारी बहन गरेको पाइन्छ ।

**संघको संरचना :**

नेपाल तामाङ महिला घेदुङको केन्द्रीय समितिको विधान अनुसार प्रत्येक वर्षमा वार्षिक साधारण सभा बस्नेछ । साधारण सभाबाट निर्वाचित भएका पदाधिकारीहरूको कार्यकाल ३ वर्षको हुनेछ । महिला घेदुङको अधिवेसन लोकतान्त्रिक निर्वाचन प्रकृयाबाट केन्द्रीय समितिको चयन गरिन्छ । महिला घेदुङको विधान अनुसार अध्यक्ष १ जना, उपाध्यक्ष १ जना, महासचिव १ जना, सचिव १ जना, कोषाध्यक्ष १ जना र सदस्यहरू १० जना, विभागीय सचिव ६ जना र ४ जना क्षेत्राध्यक्षहरू गरी जम्मा २५ जनाको कार्यसमिति रहने व्यवस्था छ ।

**नेपाल तामाङ महिला घेदुङको संरचना**




**लक्ष्य :**

तामाङ महिलाहरूलाई जातीय पहिचान सहित राज्यको मूलधारमा स्थापित गराउने ।

**उद्देश्यहरू :**

१. तामाङ जातिको धर्म, सँस्कृति, भाषा, लिपी, कला र परम्परा आदिलाई संरक्षण र सम्बर्द्धन गर्ने गराउने ।
२. विभिन्न क्षेत्रका तामाङ महिलामा रहेका सीपहरूलाई एक आपसमा आदान-प्रदान गर्ने गराउने ।
३. परम्परागत मूल्य र मान्यतालाई संरक्षण गर्ने गराउने ।

४. तामाङ महिलामा साक्षरता कक्षा, कानूनी साक्षरता शिविर सञ्चालन सीपमूलक कार्यक्रमहरू तथा चेतना विकास कार्यक्रमहरू गर्ने गराउने ।

५.सरकारी तथा गैरसरकारी संघ, अन्तरराष्ट्रिय संस्थाहरूका साथ आवश्यकता अनुसार कार्यक्रम चलाउने ।

६. संघको हितमा उत्कृष्ट काम गर्ने व्यक्ति वा संस्थालाई पुरस्कारको व्यवस्था गर्ने ।

७. महिला हक अधिकारका लागि सचेततापूर्वक काम गर्ने गराउने ।

८. जातीय क्षेत्रीय स्वशासन प्राप्तिका लागि काम गर्ने ।

९. उपरोक्त उद्देश्यहरू पुरा गर्न अन्य कार्यहरू गर्ने गराउने ।

**नेपाल तामाङ महिला घेदुङको मुख्य कार्यक्रमहरू :**

१.तामाङ महिलाहरूलाई संविधान निर्माण र संघीय लोकतान्त्रिक गणतन्त्रको राज्यको संरचनामा स्थापित गर्नका लागी सचेतना जागरण गर्ने र राष्ट्रिय तथा स्थानिय तहमा बहस, पैरवी तथा पहल गर्ने ।

२.तामाङ महिलाहरूको जातीय पहिचानको संरक्षण, समबर्द्धन र विकास गर्ने साथै तामाङ महिलाहरूको क्षमता विकासका साथैं मातृभाषाको विकासमा सचेत गर्ने ।

३.संगठनको विस्तार र विकासका लागी विभिन्न जिल्लाहरूमा समितिहरू गठन र विस्तार गर्ने ।

४.तामाङ महिलाहरूको लागि दिगो जिवीकोपार्जनका परम्परागत ज्ञान र सीपको विकासका साथै स्थानीय स्रोत साधानमा पहुचको लागि कार्यक्रमहरू संचालन गर्ने ।

५.तामाङ महिलाहरूको हक र अधिकार स्थापित गर्नका लागी सचेतनामुलक कार्यक्रमहरू संचालन गर्ने ।

**कार्यक्रमको मुख्य उपलब्धिहरू :**

१. तामाङ महिलाहरू संघीय लोकतान्त्रिक गणतन्त्रको राज्यको संरचनामा स्थापित हुनेछन् ।

२.संगठनको विस्तार र विकास हुनेछन् ।

३.तामाङ महिलाहरू आर्थिक रुपमा सक्षम हुनुका साथै परम्परागत ज्ञान र सीपको विकासका हुनेछन् ।

४.तामाङ महिलाहरूको भाषा तथा संस्कृति जर्गेना हुनेछ ।

५.तामाङ महिलाहरूको हक रअधिकार स्थापित हुनेछ ।

६.तामाङ महिलाहरूको जातीय पहिचानको दस्तावेजिकरण हुनेछ ।

**ठेगाना :**
नेपाल तामाङ महिला घेदुङ, केन्द्रीय कार्यसमिति
केन्द्रिय कार्यालय
पुतलीसडक, काठमाडौं
**फोन :** ०१२३१४६३२/ ०१४२४३९४० (अफिस)
**ईमेल-** tamangwomen @gmail.com